घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ ५ नं. प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np

प. सं. ०७७/०७८ मिति: ०७७/०४/०२

च.नं. ९६

श्री सबै वडा कार्यालयहरु
घोराही उपमहानगरपालिका दाङ

विषय: वेरोजगार व्यक्ति सुचिकरण सम्वन्धमा ।

उपर्युक्त सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रमको मिति २०७७।०३।३० च.न. १७५ को पत्रानुसार प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान हुने १०० दिनको न्युनतम रोजगारीमा संलग्न हुन चाहने १८ वर्ष देखी ५९ वर्ष सम्मका बेरोजगार नेपाली नागरिकहरुलाई सुचिकृत हुनकालागि मिति २०७७ साउन ८ गते देखी २०७७ भदौ ७ गते सम्म समय तोकिएको व्यहोरा जानकारी साथ अनुरोध छ । तोकिएको मिति भित्र आफु स्थार्या बसोवास गर्ने वडा कार्यालयमा गएर निवेदन दिनु पर्ने व्यवस्था भएकाले सोहि वमोजिम निवेदन संकलन गरि बास्तविक बेरोजगार व्यक्तिहरुको मात्र निवेदन संकलन गरी मिति २०७७।५।१२ गते भित्र निवेदकहरुको सुचि सहित संकलित निवेदन रोजगार सेवा केन्द्रमा उपलब्ध गराउनु हुन अनुरोध छ साथै तोकिएको मिति भित्र निवेदन उपलब्ध नभएमा सो वडामा वेरोजगार संख्या शुन्य भएको बुझिनेछ ।

**आवश्यक कागजात हरु:**

- पासपोर्ट साईजको एक प्रति फोटो ।
- नागरिकताको फोटो कपी ।
- दाङ वाहेक अन्य जिल्लावाट नागरिकता लिएको भए वसाईसराई, विवाह दर्ता, मतदाता प्रमाणपत्र जस्ता स्थायी वसोवास खुलाउने आवश्यक कागजातको फोटो कपि ।
- निवेदन यस उपमहानगरपालिकाको रोजगार सेवा केन्द्र वाट उपलब्ध हुनेछ र निवेदनले मागेका सम्पुर्ण विवरण उपलब्ध गराउनु पर्नेछ ।

बोधार्थ: सुचना प्रविधी शाखा वेससाईटमा अपलोड गरिदिनु हुन ।

शरद पाण्डे
रोजगार संयोजक